## आ.व २०८२।०८३ को १८औं कार्यपालिका बैठक

आज मिति २०८३।०१।१७ गते राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षतामा तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यस प्रकार छन् ।

| क्र.सं. | नाम थर | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री प्रकाश विष्ट | [signature] |
| २. | उपाध्यक्ष | श्री कमलापति चौधरी | [signature] |
| ३. | सदस्य (वडा नं. १ अध्यक्ष) | श्री गेमे खड्का | |
| ४. | सदस्य (वडा नं. २ अध्यक्ष) | श्री पहलवान चौधरी | [signature] |
| ५. | सदस्य (वडा नं.३ अध्यक्ष) | श्री उमेश अधिकारी | [signature] |
| ६. | सदस्य (वडा नं.४ अध्यक्ष) | श्री विर बहादुर चौधरी | [signature] |
| ७. | सदस्य (वडा नं. ५ अध्यक्ष) | श्री देव प्रसाद चौधरी | [signature] |
| ८. | सदस्य (वडा नं. ६ अध्यक्ष) | श्री दीपक कुमार चौधरी | [signature] |
| ९. | सदस्य (वडा नं. ७ अध्यक्ष) | श्री सिताराम चौधरी | [signature] |
| १०. | सदस्य (वडा नं.८ अध्यक्ष) | श्री चन्द्र बहादुर गुरुङ | |
| ११. | सदस्य (वडा नं. ९ अध्यक्ष) | श्री रिम बहादुर सुनारी मगर | |
| १२. | सदस्य | श्री पार्वती सुबेदी | [signature] |
| १३. | सदस्य | श्री चम्फा भुसाल | [signature] |
| १४. | सदस्य | श्री रण बहादुर पुजाली सार्की | [signature] |
| १५. | सदस्य | श्री गिता चौधरी | |
| १६. | सदस्य | श्री सावित्री चौधरी | |
| १७. | सदस्य | श्री संजिव परियार | |
| १८. | सदस्य सचिव | श्री देविराम पाठक | [signature] |
| **आमन्त्रित** | | | |
| १९. | खेमराज अधिकारी | राजस्व शाखा प्र. | [signature] |
| २०. | | | |
| २१. | | | |
| २२. | | | |

[signature]

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया, देउखुरी दाङ ।

## आ.व. २०८२/८३ को अठारौं कार्यपालिका बैठकका प्रस्तावहरु:

१. अघिल्लो कार्यपालिका बैठकका निर्णयह कार्यान्वयन समिक्षा सम्बन्धमा ।
२. फोहोरमैला व्यवस्थापन अध्ययन समितिको कार्यशर्त परिमार्जन तथा म्याद थप सम्बन्धमा ।
३. MCA परियोजना अन्तर्गत धानखोला–लमही सडक खण्डबाट उत्पन्न फोहर संकलन तथा व्यवस्थापन सम्बन्धमा ।
४. राप्ती आधारभूत अस्पताल सञ्चालन तथा अनुदान व्यवस्थापन कार्यविधि, २०८३ स्वीकृति सम्बन्धमा ।
५. "राप्ती गाउँपालिका स्वास्थ्य बीमा कार्यविधि, २०८३" स्वीकृति सम्बन्धमा ।
६. नापी तथा मालपोत सेवा स्थानीय तहबाट सञ्चालन गर्ने सम्बन्धमा ।
७. संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण सम्बन्धमा ।
८. प्लास्टिक फोहर संकलन तथा व्यवस्थापन सम्बन्धमा ।
९. "१३औं लाटोकोसेरो तथा हुचिल महोत्सव" सञ्चालनका लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।
१०. विभिन्न सडकहरूको मर्मत, ग्राभेल तथा सम्भार कार्य सञ्चालन सम्बन्धमा ।
११. LoCAL अन्तर्गतका प्राथमिकता प्राप्त आयोजनाहरू कार्यान्वयन सम्बन्धमा ।
१२. DPR तथा संभाव्यता अध्ययन तथा सर्वेक्षण सम्बन्धमा ।
१३. स्वास्थ्य संस्थाहरूमा न्यूनतम दरबन्दी पूर्तिका लागि करार कर्मचारी व्यवस्थापन सम्बन्धमा ।
१४. स्वीकृत वार्षिक कार्यक्रमहरू सञ्चालन, व्यवस्थापन तथा आवश्यक सामग्री खरिद सम्बन्धमा ।
१५. बालमैत्री वडा घोषणा कार्यक्रमलाई निरन्तरता तथा विस्तार सम्बन्धमा ।
१६. सेफ हाउस (OCMC) सञ्चालनका लागि कोठा व्यवस्थापन तथा आवश्यक सामग्री खरिद सम्बन्धमा ।
१७. बालकल्याण अधिकारी नियुक्ति सम्बन्धमा ।
१८. राप्ती नदीबाट नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गरी विकास निर्माण कार्य सञ्चालन सम्बन्धमा ।
१९. सामाजिक सुरक्षा लाभग्राहीहरूको वायोमेट्रिक प्रमाणीकरणका लागि Irish Biometric Device खरिद सम्बन्धमा ।
२०. श्री शिवलाल सुबेदीलाई उपचार सहयोग स्वरूप आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।
२१. वैदेशिक रोजगारीमा अलपत्र परेका प्रकाश कुमाललाई उद्धार तथा घर फिर्ता सहयोग सम्बन्धमा ।
२२. श्री शिरबहादुर नेपालीलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।
२३. खेलकुद सामग्री व्यवस्थापनका लागि आर्थिक सहयोग सम्बन्धमा ।
२४. रिट निवेदन सम्बन्धी मुद्दामा प्रतिनिधि तोक्ने सम्बन्धमा ।
२५. सुकुम्बासी, भूमिहीन, अव्यवस्थित बसोबासी तथा मुक्त कमैया संघर्ष समितिको ज्ञापनपत्र जिल्ला प्रशासन कार्यालयमा पठाउने सम्बन्धमा ।

आर्थिक वर्ष २०८२/०८३ बैठक नं. १८ मिति २०८३।०१।१७

**राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश बिष्टज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिका बैठकका निर्णयहरू:**

**निर्णय नं. १:**

यस अघिका कार्यपालिका बैठकका निर्णयहरूको समीक्षा गरियो।

**निर्णय नं. २:**

राप्ती गाउँपालिका वडा नं. २, पुण्यपुरमा 'शून्य फोहर' अवधारणा अन्तर्गतका कार्यहरू व्यवस्थित रूपमा सम्पन्न गर्नका लागि गाउँ कार्यपालिकाबाट गठन भई कार्य सम्पादन गरिरहेको समितिको कार्य शर्त बमोजिमका कार्यहरु सम्पादन गर्न तोकिएको समय अपुग हुने भएकोले १ महिना समय थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ३:**

MCA परियोजना अन्तर्गत धानखोला-लमही सडक खण्डको निर्माणको क्रममा उत्सर्जित हुने (नगल्ने प्रकृतिको समेत) फोहर संकलन व्यवस्थापन गर्ने सन्दर्भमा मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल (MCA-Nepal) धानखोला-लमही (४० कि.मी.) सडक खण्डका लागि पुनः प्रयोग पाइलट कार्य सम्झौता अन्तर्गत शर्मा-कुमार जे.भी. पक्ष संग निम्न स्थानबाट हप्ताको कम्तिमा २ पटक गाउँपालिकाको ट्याक्टरबाट फोहोरमैला संकलन गरी व्यवस्थापन केन्द्रमा ल्याई उचित तरिकाले व्यवस्थापन गर्ने। यसरी सेवा उपलब्ध गराए वापत मासिक रु. ५०००/- सेवा लिने गरी सम्झौता गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो।

फोहोर संकलन स्थानहरु:

- मुख्य क्याम्पः राप्ती गाउँपालिका -१, पाखापानी, दाङ।
- ब्याचिङ प्लान्टः गढवा गाउँपालिका-१, तहडा, दाङ।
- लेवर क्याम्पः सितगंगा नगरापालिका-८, हात्तिढुङ्गा, अर्घाखाँची।

**निर्णय नं. ४:**

"राप्ती आधारभूत अस्पताल सञ्चालन तथा अनुदान व्यवस्थापन कार्यविधि, २०८३" स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ५:**

राप्ती गाउँपालिकाको "स्वास्थ्य बीमा कार्यविधि २०८३" स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ६:**

नापी तथा मालपोत सम्बन्धी सेवा प्रवाहलाई स्थानीय तहबाटै प्रभावकारी, रुपमा संचालन गर्न आवश्यक जनशक्ति व्यवस्थापन गर्ने सोको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) मार्फत दरबन्दी स्वीकृत गरी जनशक्तिको प्राप्ती तथा व्यवस्थापन गरी प्रचलित कानुन बमोजिम सेवा सञ्चालन प्रक्रिया अगाडि बढाउन नेपार सरकार समक्ष अनुरोध गरी पठाउने निर्णय गरियो।

**निर्णय नं. ७:**

संस्थागत विद्यालयको शुल्क निर्धारण तथा विद्यालय वर्गीकरण सम्बन्धमा गठित समितिको संक्षिप्त प्रतिवेदन उपर छलफल गर्दा विद्यालय वर्गीकरणको काम सम्पन्न पश्चात मात्र शुल्क निर्धारणको कार्य अघि बढाउने ।

**निर्णय नं. ८:**

प्लास्टिक फोहर संकलन तथा व्यवस्थापनसम्बन्धी कार्यक्रम मिति २०८२।१२।२७ को कार्यपालिकाको बैठकको निर्णय नं. १३ हाललाई कार्यान्वयन नगर्ने निर्णय गरियो।

**निर्णय नं. ९:**

श्री अजम्मरी सामुदायिक वन उपभोक्ता समूह, लमही-५, च. नं. १०१ मिति २०८२।०१।१६ को सिफारिस अनुसार "१३औं लाटोकोसेरो तथा हुचिल महोत्सव" सञ्चालनका लागि रु. १५,०००/- (अक्षेरपी पन्ध्र हजार रुपैयाँ मात्र) रकम उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १०:**

"विभिन्न सडकको मर्मत सम्भार" सम्बन्धी प्रस्ताव उपर छलफल गरी देहाय बमोजिमको सडक मर्मतको कार्य प्राविधिक इस्टिमेटका आधारमा ***पालिका अन्तरगतका विभिन्न सडक/बाटो मर्मत सुधार***को शीर्षकबाट खर्च गर्ने गरी सम्पादन गर्ने।

- राप्ती गाउँपालिका वडा नं. ८ पिपरामा रहेको सानो नदी पारि जाने कृषि सडक मर्मत तथा ग्राभेल गर्ने।
- राप्ती गाउँपालिका वडा नं. ७ र ५ अन्तर्गत बुद्ध चोकदेखि पश्चिम सर्वोदय विद्यालयसम्म जाने सडक ग्राभेल गर्ने।
- राप्ती गाउँपालिका वडा नं. ८ अन्तर्गत समृद्धि टोलको गणेशमान चोकदेखि पश्चिमतर्फ जाने सडक ग्राभेल गर्ने।
- राप्ती गाउँपालिका वडा नं. ५ अन्तर्गत पहरुवा बालकल्याण आधारभूत विद्यालयदेखि पूर्व कालापानीसम्म जाने सडकमा खाल्टा-खाल्डी मर्मत तथा ग्राभेल गर्ने।
- राप्ती गाउँपालिका वडा नं. ६ अन्तर्गत राप्ती रिसोर्ट देखि पश्चिम वगरापुर गाउँ सम्म सडक ग्राभेल गर्ने।

**निर्णय नं. ११:**

LoCAL अन्तर्गत कार्यान्वयन हुने आयोजनाहरूको देहाय बमोजिमका आयोजनाहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने निर्णय गरियो:

- तल्लो घोषखोला सिचाई आयोजना।
- ६ नं. वडा कार्यालय र पत्थरगढवा सामुदायिक स्वास्थ्य ईकाई संरक्षण (नदी तटबन्धन)
- कालापानी सामुदायिक वन क्षेत्र अन्तर्गत रिचार्ज पोखरी निर्माण।
- राप्ती गाउँपालिका वडा नं. ९ अन्तर्गत जलुके पोखरी तथा सिँचाइ विस्तार (नाला सहित)।
- तल्लो करङ्गे क्षेत्र अन्तर्गत रिचार्ज पोखरी तथा सिँचाइ विस्तार।
- कालापानी सामुदायिक वनमा प्राङ्गारिक मल उद्योग स्थापना तथा सञ्चालन।
- राप्ती गाउँपालिका वडा नं. ३ स्थित मसुरिया देखि खुरुरिया जानेबाटो (सानो नदी) मा तटबन्धन निर्माण।

**निर्णय नं. १२:**

**चालु आ.व. मा LoCAL अन्तर्गतको शीर्षकमा प्राप्त बजेटबाट तपसिल बमोजिमका कार्यक्रम संचालन गर्ने।**

- पिपरी खोला तथा दोलाई खोलामा कटान नियन्त्रण तथा तटबन्धन सम्बन्धी विस्तृत परियोजना प्रतिवेदन (DPR) गर्न उक्त कार्यको लागि रू.१० लाख खर्च गर्ने।
- दोलाई खोला जलाधार संरक्षण सम्बन्धी सम्भाव्यता अध्ययन (Feasibility Study) तयार गर्ने उक्त कार्यको लागि रू.१० लाख अनुमानित खर्च गर्ने।
- सिरिचौर खानेपानी तथा सरसफाइ आयोजना र खुरुरिया खानेपानी आयोजनाका लागि (डिप बोरिङ प्रयोजनार्थ) घरधुरी सर्वेक्षण कार्यका लागि रू.५ लाख कायम गर्ने।

**निर्णय नं. १३:**

राप्ती गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा संगठन संरचनाअनुसारको न्यूनतम दरबन्दी अभावका कारण संविधानले तोकेको मौलिक हक–आधारभूत स्वास्थ्य सेवा प्रवाहमा कठिनाई भएकोले, सो सेवा सुचारु गर्नका लागि सम्बन्धित संस्थामा तपशिल बमोजिमका कर्मचारी करार सेवाबाट व्यावस्थापन गर्ने निर्णय गरियो।

| क्र.सं. | स्वास्थ्य संस्था | आवश्यक कर्मचारी\पद | | |
|---|---|---|---|---|
| | | अ.हे.व | अ.न.मि. | कार्यालय सहयोगी |
| १. | जाबुने सामुदायिक स्वास्थ्य ईकाई,राप्ती,९ | १ | १ | ० |
| २. | देवीकोट सामुदायिक स्वास्थ्य ईकाई,राप्ती ,९ | - | - | १ |
| ३. | मसुरिया सामुदायिक स्वास्थ्य ईकाई,राप्ती,३ | १ | - | १ |
| ४. | करंगे सामुदायिक स्वास्थ्य ईकाई,राप्ती,५ | - | १ | १ |
| ५. | लालमटिया स्वास्थ्य चौकी,राप्ती,१ | - | १ | - |
| ६. | सामुदायिक स्वास्थ्य चौकी,राप्ती ,२ | - | १ | १ |
| ७. | राप्ती आधारभुत अस्पताल,राप्ती,५ | - | १ | - |
| | जम्मा | २ | ५ | ४ |

**निर्णय नं. १४:**

सशस्त्र प्रहरी बल, नेपाल नं. २९ गण हे.क्वा. ज्वालामाई दाङ सँग आवश्यक समन्वय तथा सहकार्य गरी आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम ***सामुदाय विपद् स्वयंसेवक तालिम*** शीर्षकबाट खर्च गर्ने गरी कार्यक्रम संचालन गर्ने ।

**निर्णय नं. १५:**

राप्ती गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वडा नं. ८ मा संचालित बालमैत्री वडा घोषणा कार्यक्रमलाई निरन्तरता दिने तथा अन्य वडाहरूलाई समेत क्रमशः बालमैत्री घोषणा गर्ने गरी कार्यक्रम संचालन गर्ने ।

**निर्णय नं. १६:**

राप्ती गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सेफ हाउस (OCMC) सञ्चालनका लागि गाउँपालिकाको कार्यालय भित्र २ वटा कोठा व्यवस्थापन गरी आवश्यक सामग्री खरिद गरी सञ्चालन गर्ने ।

**निर्णय नं. १७:**

राप्ती गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नारायण बहादुर राउत क्षेत्री. (एम.एस.आई. अपरेटर) लाई बालकल्याण अधिकारीको रूपमा नियुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८:**

राप्ती गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रमहरु मध्ये कतिपय योजनाहरुमा प्रयोग हुने निर्माण सामाग्रीहरुमा राप्ती नदीको ग्रेवल प्रयोग गरी सम्पन्न गर्नुपर्ने गरी लागत अनुमान स्वीकृत भएको अवस्थामा राप्ती नदीका स्वीकृति प्राप्त घाटहरुवाट तोकिएको आयोजनाहरुमा गाउँपालिकाको ब्याकहो लोडर प्रयोग गरी तोकिए बमोजिमको परिमाणमा नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गरी विकास निर्माणका आयोजनाहरु निर्माण कार्य अघि बढाउने ।

**निर्णय नं. १९:**

राप्ती गाउँपालिकाको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको वायो मेट्रिक गर्ने क्रममा औंठा छाप प्रणालीबाट धेरै जनाको Data verification हुन नसकेकोले सेवाबाट बञ्चित हुनुपर्ने अवस्था रहेकाले हाल कम्तिमा एक वटा Irish Biometric Device खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०:**

राप्ती गाउँपालिका वडा नं. १, पाखापानी निवासी श्री शिवलाल सुबेदी विगत २०७४ सालदेखि गाउँपालिकामा पाले पदमा कार्यरत रहँदै आएका र हाल गम्भीर रोगबाट ग्रसित भई सेवा निरन्तरता दिन असमर्थ भएको तथा आर्थिक अवस्था कमजोर रहेकोले, राहतस्वरूप थप उपचार सहयोगार्थ एक महिनाको पारिश्रमिक बराबर रकम रु. २०,०००/- (अक्षरेपी बीस हजार रुपैयाँ मात्र) आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. २१:**

राप्ती गाउँपालिका वडा नं. ८, कोहलुवा निवासी श्रीमती जैसरा कुमालको मिति २०८३।०१।१४ को निवेदन पत्रानुसार, कान्छो छोरा प्रकाश कुमाल वैदेशिक रोजगारीका क्रममा विदेशी मुलुकमा लामो समयदेखि अलपत्र परेकाले र घरको आर्थिक अवस्था कमजोर भएकाले, सकुशल घर फर्काउनका लागि अन्य सामाजिक सुरक्षा खर्च शीर्षक अन्तर्गतको कोषबाट रु. २०,०००/- (अक्षरेपी बीस हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं. २२:**

राप्ती गाउँपालिका ४ नं. कार्यालयको च.नं.१६४८ मिति २०८३।०१।१४ को सिफारिस पत्रानुसार, राप्ती गाउँपालिका वडा नं.४ स्थायी निवासी श्री शिरबहादुर नेपालीको आर्थिक अवस्था अत्यन्त कमजोर भएकाले अन्य सामाजिक सुरक्षा खर्च शीर्षक अन्तर्गतको कोषबाट रु. ४५,०००/- (अक्षरेपी पैंतालीस हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं. २३:**

राप्ती गाउँपालिका वडा नं. ४, मौरीघाट फुटबल क्लवको मिति २०८३।०१।१६ को निवेदन पत्रानुसार उक्त क्लवको आयोजनामा सञ्चालन हुन लागेको फुटबल प्रतियोगिता कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउने उद्देश्यले, गाउँपालिकाले खेलकुदका विविध सामाग्री खरिद गरी सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. २४:**

राप्ती गाउँपालिका वडा नं. १ बस्ने खुसल बहादुर कुमालको हकमा निजको पत्नी मैया कुमारी कुमालले यस राप्ती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मसुरिया, दाङ समेतलाई विपक्षी बनाई उत्प्रेषण परमादेश लगाएत जो चाँहिने आज्ञा आदेश जारी गरि पाँउ भनि श्री उच्च अदालत तुल्सीपुरमा रिट नं. ०८२-WO-००४१ दायर गरी सम्मानित अदालतबाट यस राप्ती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको मसुरिया दाङको नाममा सूचना म्याद समेत तामेली भएकोले प्रस्तुत मुद्धामा यस कार्यालयको तर्फबाट श्री उच्च अदालत तुल्सीपुरमा उपस्थित भई लिखित जवाफ पेश गरी तारेखमा रही मुद्धा पूर्पक्ष गर्नका लागि यस कार्यालयका सहायक कम्प्युटर अधिकृत पदमा कार्यरत श्री सुबास भट्टराईलाई प्रतिनिधि तोक्ने।

**निर्णय नं. २५:**

सुकुम्बासी, भूमिहीन, अव्यवस्थित बसोबासी तथा मुक्त कमैया संघर्ष समिति, राप्ती गाउँपालिका, देऊखुरी, दाङद्वारा मिति २०८३।०१।१७ मा प्राप्त ज्ञापनपत्र जिल्ला प्रशासन कार्यालय दाङमा पठाउने निर्णय गरियो।